बैठक संख्या-१८ मिति २०६२।१२।११

आज मिति २०६२।१२।११ गते बिहिवारका दिन धरान उपमहानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उपमहा न.पा.

आमन्त्रित:

श्री गणेशप्रसाद खतिवडा- व. प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा- व. कर अधिकृत

श्री सुरजश्रेष्ठ - व- इन्जिनियर

श्री रमेश शाह - व- आन्तरिक लेखा परिक्षक-

श्री- भेषराज अधिकारी- व. लेखा अधिकृत

श्री- राजु पोखरेल - ईन्जिनियर

श्री- सुनील नेपाल- सामाजिक विकास अ-

निर्णयहरु:

(१) अख्तियारी दिने सम्बन्धमा: ~~यस~~ नगर विकास कोषबाट यस आ.व. २०६२।०६३ कालागि तपसिलका योजनाहरु कार्यान्वयन सम्बन्धमा नगर विकास कोषसंग सम्झौता गर्न धरान उपमहानगरपालिकाका कार्यकारी प्रमुख टीकादत्त राइलाई अख्तियारी दिने निर्णय गरियो।

तपसिल

(क) पृथ्विपथ-वडा नं. १- सडक तथा ढल निर्माण-गोपालमार्ग

(ख) पृथ्विपथ-वडा नं. १- सिंहदेवी चौक उत्तर-ढल निर्माण।

(ग) सयपत्री मार्ग-वडा नं. ११- पिच निर्माण कार्य।

(२) अनुगमन समितिको सदस्य सम्बन्धमा: ~~खानेपानी आयोजनाको अनुगमन समितिमा~~ एशियाली विकास बैङ्क र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा संचालित धरान खानेपानी आयोजनाको अन्तर्गत मिति २०६२।५।१३ गतेको नगरपालिका बोर्डबाट निर्णय भएको धरान खानेपानी व्यवस्थापन बोर्ड अन्तर्गतको अनुगमन ~~समि~~ समितिको कार्य विवरणमा भएको व्यवस्था अनुसार गठन हुने अनुगमन समितिमा राजनितिक दलका

तर्फबाट रहने पूजना सदस्य मध्ये मधेशी जनाधिकार ~~फोरम~~ ~~तर्फबाट~~ फोरम लोकतान्त्रिकका तर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधी सदस्य रहनु भएकोमा हाल वहा सो राजनितिक दलसंग आवद्ध नरहेको मिति २०७२।१२।३ गते बसेको सर्वदलिय बैठकको सहमती अनुसार उक्त स्थानमा संघिय समाजवादी फोरम नेपाल नगर समितिको तर्फबाट सदस्य रहने निर्णय गरियो ।

(३) अनुगमन तथा कारवाहीको प्रतिवेदन सम्बन्धमा :- यस कार्यालय अन्तर्गत नगर प्रहरी उपशाखाबाट विभिन्न मितिहरु मा गरिएका अनुगमन तथा कारवाहीको प्रतिवेदनमाथि छल-फल गरियो । अनुगमन निम्नानुसारको रहेको छ ।
तपसिल
(क) मिति २०७२।११।१८ गते बुधबार बजार अनुगमन भएको जस्मा धरान १० स्थित रमाइलोचोक (साँगाचोक) मा भएको ।
(ख) ~~मिति २०७२~~ विभिन्न पसलबाट म्याद नाघेका सामानहरु जफत गरिएको ।

(ख) खाद्य जन्य पदार्थहरुमा "ससेस" बिक्रीमा मिति तथा लेबल नराखी बजारमा बिक्री गर्ने प्रो. विनोद भण्डारी - धरान-४ गौतम पथका व्यापारीलाई सचेत गराइएको ।

(ग) खाद्य पदार्थहरुमा पाउरोटी उद्योग धरान-१५ नीवासी गोपाल तामाङलाई आइन्दा मिति, समय र (ex-date) तोकी बिक्रि गर्ने सचेत गराइएको ।

माथिका अनुगमन कार्य इलाका प्रशासन कार्यालय, जनस्वास्थ्य कार्यालय, गुण नियन्त्रण कार्यालय, विराटनगर, हाम्सिसार व्यापसंघ, धरान लगायतका प्रतिनिधीहरुको सम्लग्नतामा गरेको पाईयो । अनुगमनमा भएका दिइएका निर्देशन तथा चेतावनी र सचेतलाई अनुमोदन गर्ने निर्णय गरियो ।

आजको बोर्ड बैठक विहान १०: बजे समापन गरियो ।
माइन्युटकर्ता भक्तिराज शर्मा- सूचना अधिकृत [signature]